आज मिति २०७५/२/१४ गतेका दिन यस भेरीगंगा नगरपालिकाका नगर प्रमुख श्री भुपेन्द्रबहादुर चन्दको अध्यक्षतामा कार्यपालिका बैठक बसी तपशिलको उपस्थितीमा तपशिल बमोजिमको निर्णय गरियो ।

श्री भुपेन्द्रबहादुर चन्द, नगर प्रमुख
श्री रेणु आचार्य, उप प्रमुख
श्री नवराज कार्की, वडा अध्यक्ष, वडा नं. १
श्री नन्द बहादुर बुढा, वडा अध्यक्ष, वडा नं. २
श्री जीत बहादुर सुनार, वडा अध्यक्ष, वडा नं. ३
श्री महाविर खत्री, वडा अध्यक्ष, वडा नं. ४
श्री प्रेम बहादुर सारु, वडा अध्यक्ष, वडा नं. ५
श्री बलबहादुर खड्का, वडा अध्यक्ष, वडा नं. ६
श्री कर्ण बहादुर मिजार, वडा अध्यक्ष, वडा नं. ७
श्री पदमबहादुर खत्री, वडा अध्यक्ष, वडा नं. ८
श्री लक्षुमन राना, वडा अध्यक्ष, वडा नं. ९
श्री मान बहादुर बुढा मगर, वडा अध्यक्ष, वडा नं. १०
श्री तीलकराम डाँगी, वडा अध्यक्ष, वडा नं. ११
श्री हरिप्रसाद कडेंल, वडा अध्यक्ष, वडा नं. १२
श्री टिकाराम सुवेदी, वडा अध्यक्ष, वडा नं. १३
श्री रमाना दमाई - कार्यपालिका सदस्य
श्री प्रतिक्षा विक - कार्यपालिका सदस्य
श्री खिमकुमारी राना - कार्यपालिका सदस्य
श्री मोतिसरा खत्री - कार्यपालिका सदस्य
श्री भुमीकला सुनार - कार्यपालिका सदस्य
श्री खिम बहादुर कामी - कार्यपालिका सदस्य
श्री शेर बहादुर कामी - कार्यपालिका सदस्य
श्री विष्णु खत्री - कार्यपालिका सदस्य
श्री कृष्णप्रसाद खरेल, प्रमुख प्रशासकिय अधिकृत-सचिव
श्री मान बहादुर ठाडा, लेखाअधिकृत (सहयोगी)
श्री कुलवहादुर खड्का, प्रशासन शाखा (सहयोगी)
श्री त्रिलोकेन्द्र पौडेल अमिन.
जीवन सोर्के ले.ज.

**प्रस्ताव नं. १ योजना संशोधन सम्वन्धमा :**

निर्णय नं. १ : कार्यपालिकाको मिति ०७४।१२।२८ निर्णय नं. १३ वाट विनियोजन भएको रकम २ लाख लक्ष्मीटोल ग्रावेल गर्ने योजनालाई भेरीगंगा वडा नं. ११ रामघाट शिखर मा.वि. को भट्टराइ चोक देखि वडा नं. १३ को रिङ्गरोड आपखोली सम्म ग्रावेल गर्ने गरी योजना संशोधन गर्ने तथा सो रकम रकमान्तर भएको कोषवाट भूक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताब नं. २ स्वास्थ्य चौकी मैनतडाको भवन तथा शिखर मा.वि. को दृष्टिविहिन छात्रावास भवन मर्मत सम्बन्धमा :**

निर्णय नं. २ : प्रस्ताव नं. २ माथि छलफल गर्दा स्वास्थ्यचौकी मैनतडाको भवनलाई (रु. ८० हजार) र शिखर मा.वि. दृष्टिविहिन छात्रावास भवनलाई (रु. २० हजार) हावाहुरीका कारण क्षती भई मर्मत गर्नुपर्ने भएको हुँदा सो कार्यका लागि रकम रु. १ लाख समपुरक कोषवाट भूक्तानी गर्ने गरी निर्णय गरियो ।

**प्रस्ताव नं. ३ मनरामकाडाँ प्रा.वि. भवनको छाना मर्मत सम्बधमा :**

निर्णय नं. ३ : प्रस्ताव नं. ३ को सम्वन्धमा छलफल गर्दा मनरामकाडाँ प्रा.वि. भवन हावाहुरीका कारण क्षती भएको छाना मर्मत कार्यका लागि रकम रु. २५ हजार विनियोजन गरी सो रकम समपुरक कोषवाट भूक्तानी हुने गरी सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ४ छिन्चु खानेपानी मर्मत सम्बन्धमा :**

निर्णय नं. ४ : प्रस्ताव नं. ४ को सम्वन्धमा छलफल हुँदा भेरीगंगा वडा नं. १० र १२ छिन्चुको खानेपानी योजना मर्मत कार्यका लागि रकम रु. १ लाख समपुरक कोषवाट विनियोजन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ खानेपानी पाइप खरिद सम्बन्धमा :**

निर्णय नं. ५ : प्रस्ताव नं. ५ माथि छलफल गर्दा जहरे मा.वि. का लागि खानेपानी पाइप खरिद गर्न रकम रु. १५ हजार समपुरक कोषवाट विनियोजन गर्ने गरी निर्णय गरियो ।

**प्रस्ताव नं. ६ सिचाई पाइप खरिद सम्बन्धमा :**

निर्णय नं. ६ : प्रस्ताव नं. ६ माथि व्यापक छलफल गर्दा झिलमिले प्रताप पुनको टोल क्षेत्रमा सिचाई पाइप खरिद गर्ने प्रयोजन रकम रु. ३० हजार समपुरक कोषवाट रकम विनियोजन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ७ भेरीगंगा नगरपालिका एलजिसिडिपिमा कार्यरत कर्मचारीको म्याद थप सम्बन्धमा :**

निर्णय नं. ७ : प्रस्ताव नं. ७ माथि छलफलगर्दा एलजिसिडिपिमा कार्यरत तपसिलका सामाजिक परिचालकहरुलाई मिति २०७४।१२।२८ नि.नं. १६ वाट २०७४ चैत २८ गतेदेखि २०७५ आषाढ मसान्तसम्म निरन्तरता दिने भन्ने निर्णयलाई सच्याउदै संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ४० मिति २०७४।१२।१३ गतेको पत्रानुसार सामाजिक परिचालकहरुलाई २०७४।१२।१६ गतेदेखि लागु हुने गरी निरन्तरता दिने भन्ने व्यहोरा अनुसार सोही मिति देखि नै म्याद थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसील**

१) शोभा कुमारी वि.सी. साविक छिन्चु
२) उमा मल्ल साविक रामघाट
३) अरुणा वुढा साविक लेखपराजुल
४) जयलाल सुनार साविक मैनतडा

**प्रस्ताव नं.८ खेलकुदलाई रकम विनियोजन सम्वन्धमा :**

निर्णय नं. ८ : प्रस्ताव नं. ८ माथि छलफल हुँदा छिन्चु तेकान्डो डोजाङ्ग भेरीगंगा ८ अन्तर्राष्ट्रिय स्तरको खेलकुदमा सहभागी हुन जाने खेलाडीहरुलाई रकम रु. ३० हजार खेलकुद पूर्वाधार तर्फको नगर खेलकुदको शिर्षकवाट वजेट विनियोजन गरी रकम उपलव्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं.९ नगर मेयरकप सम्वन्धमा :**

निर्णय नं. ९ : प्रस्ताव नं. ९ माथि छलफल गर्दा भेरीगंगा नगरपालिकामा नगर प्रमुख रनिङ्गसिल्ड प्रतियोगिता संचालन गर्न वढिमा रकम रु. ५ लाख सम्मको खर्च नवढने गरी उक्त शिर्षकवाट वजेट विनियोजन गरी खर्च भएको रकम नगरस्तरिय खेलकुद समिति भेरीगंगालाई उपलव्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं.१० सार्वजनिक शौचालय निर्माण कार्यमा साझेदारी सम्वन्धमा :**

निर्णय नं. १० : प्रस्ताव नं. १० माथि छलफल गर्दा क्षेत्रीय अनुगमन तथा सुपरिवेक्षण कार्यालय वीरेन्द्रनगर सुर्खेतको च.नं. ६७३ मिति २०७५।०२।१३ गतेको पत्रबाट तपसीलका स्थानमा शौचालय निर्माण गर्न तहाँ नगरपालिकावाट स्थानिय तहको लागत सहभागीता सुनिश्चित गरी काम अगाढी वढाउन हुन भनि लेखि आएको हुँदा तपसीलको स्थानहरुमा शौचालय निर्माण गर्नका लागि यस नगरपालिकावाट लगानी प्रतिवद्धता सहितको सिफारिस गरी कार्य अगाढी वढाउन अनुरोध गर्ने निर्णय गरियो ।

तपसील

१) भेरीगंगा नगरपालिका १२ छिन्चु, सुर्खेत ।

२) मैनतडा ९ जहरे, सुर्खेत ।